साप्ताहिक बुलेटिन प्रकाशन सम्बन्धी

# अवधारणापत्र

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मोराबाङ, रुकुम (पूर्व)

२०७४

## १. पृष्ठभूमीः

भूमे गाउँपालिका नेपालको संविधान बमोजिम गठित एक स्थानीय तहको सरकार हो । स्थानीय सरकारले गर्ने हरेक गतिविधिहरुप्रति आम सर्वसाधारणलाई सुसूचित गर्नु हरेक सार्वजनिक निकायको दायित्व हुने गर्दछ । गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट सम्पादन भएका मुख्य मुख्य कार्य तथा प्रगति लगायत पालिकाबाट हुने विभिन्न कृयाकलापहरुको जानकारी आम रुपमा सुसूचित गर्न र गाउँपालिका क्षेत्रभर हुने विकास क्रियाकलाप, गाउँपालिका गतिविधि, नीति तथा कार्यक्रमहरु, गाउँपालिकाका कानून तथा निर्णयहरु सुसूचित गर्न तथा सञ्चार क्षेत्रमा स्थानीय प्रतिभाहरुको लागि Platform निर्माण गर्न गाउँपालिका स्तरीय बुलेटिन प्रकाशन गर्नु आवश्यक देखिन्छ ।

## २. बुलेटिन प्रकाशनको आवश्यकता र औचित्यताः

भर्खरै स्थापना भएको स्थानीय तह भएकाले स्थानीय सरकारको हैसियतले सूचना तथा सञ्चारको विकास तथा प्रवर्द्धन गरी आम सर्वसाधारणलाई सुसूचित हुने अधिकार र अवसरको सुनिश्चितता गराउन कम्तीमा एउटा साप्ताहिक बुलेटिन प्रकाशन नियमित गर्नु आवश्यक देखिन्छ ।

## ३. कार्यक्रमका उद्देश्य

गाउँपालिका र अन्तर्गत निकायबाट भए गरेका काम कारबाही तथा आम सरोकारका विषय लगायतका विषयमा सूचना, समाचार, लेख रचना मार्फत आम नागरिकलाई जानकारी गराउनु ।

## ४. कार्यक्रमका कार्यविधि

- अवधारणापत्र तयारी तथा स्वीकृति
- लागत अनुमान तयारी तथा स्वीकृति
- प्रकाशन समिति गठन
- लेख रचना संकलन तथा सम्पादन
- छपाई एवं प्रकाशन

## ५. साप्ताहिक गतिविधिमा समेटिने विषयवस्तु/स्तम्भहरु

| क्र.सं. | स्तम्भ | उद्देश्य/औचित्य | समावेश हुने विषयवस्तुहरु | कैफियत |
|---|---|---|---|---|
| १ | भूमे | गाउँपालिकाभर भएका | **१) गाउँपालिका गतिविधिः** गाउँपालिका | |

| | | | | |
|---|---|---|---|---|
| | गतिविधि | गतिविधिहरुको संकलन गरी अभिलेख तथा प्रकाशन गर्ने | कार्यालय र वडा कार्यालयहरुमा सञ्चालित विभिन्न कार्यक्रम/क्रियाकलापहरुको समाचार/जानकारी<br>२) **समाचार/फिचरः** गाउँपालिका भित्रका जनजीवन, मुद्दा, नागरिक मत, अन्य गतिविधिहरुको समाचार/जानकारी | |
| २ | विचार/लेख | गाउँपालिकाको विकास/ स्थानीय विकास सम्बन्धी लेख/विचार/बहसहरुको अभिलेख तथा प्रकाशन गर्ने | गाउँपालिकाभित्रका भाषा, संस्कृति, जनजीविका, चलन, स्थानीय स्तरमा हुने विकास सम्बन्धी अवधारणा जस्ता विषयमा लेखक, अनुसन्धानकर्ताको विचार, धारणा वा बहस | |
| ३ | ज्ञान विज्ञान | समसामयिक विषय र सामान्य ज्ञान सम्बन्धी वस्तुगत तथा विषयगत जानकारीमार्फत पाठक अभिरुची बढाउने | शिक्षक सेवा आयोग, लोक सेवा आयोग, लगायत विभिन्न प्रतिस्पर्धात्मक परीक्षा तथा हाजिरीजवाफ लगायत विभिन्न प्रतियोगिता लक्षित सामान्य ज्ञान, वौद्धिक परीक्षण सम्बन्धी विषयवस्तु | |
| ४ | कर्णधार | बालबालिकाको रुचि, क्षमता, कलाको प्रस्फूटन र जगेर्ना गर्ने | बालबालिकाहरुले कोरेका चित्र, बालसाहित्य, कला, रचना र प्रेरणादायक विषयवस्तु | |
| ५ | मैनवत्ती | शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्व/समाजसेवी, शिक्षकहरुको सम्मान | शिक्षा तथा सामाजिक रुपान्तरणमा योगदान पुऱ्याएका व्यक्तिको जीवनी, शिक्षक तथा शिक्षा सम्बन्धी लेख रचना बहस | |
| ६ | भूमेको भूमि | भूमे गाउँपालिकाको पर्यटन प्रवर्द्धन | गाउँपालिकाभित्र रहेका सम्भावित पर्यटकीय स्थलहरुको विवरण र सम्भावना सम्बन्धी जानकारी/लेख/बहस | |
| ७ | हाम्रो मौलिकता | भाषा, संस्कृति र चालचलनको संरक्षण तथा प्रवर्द्धन गर्ने | भूमे गाउँपालिकाभित्र रहेका भेषभुषा, संस्कृति, चलन, प्रचलन, प्रथा परम्परा सम्बन्धी खोजमूलक जानकारी | |
| ८ | सफलताको कथा/ उत्प्रेणा | स्थानीय स्तरमा भएका प्रयास, उद्यमीको कथा, सफलताको कथाबाट उद्यम प्रोत्साहन | कृषि, व्यवसाय, कला, विज्ञान, प्रशासन, शिक्षा लगायत विविध क्षेत्रमा सफलता प्राप्त व्यक्तिहरुको प्रेरणामूलक जीवनी, विचार | |

| | | | | |
|---|---|---|---|---|
| ९ | आत्मनिर्भर | कृषि तथा पशुपंक्षी, व्यवसाय सम्बन्धी प्रविधि, ज्ञान सीपको उत्थान, प्रवर्द्धन र प्रोत्साहन गर्ने | कृषि प्रविधि, पशुपंक्षी पालन, व्यवसाय सीप, व्यवसाय योजना लगायतका विषयवस्तु | |
| १० | सूचनाको हक | कार्यालयको गतिविधिबारे आम जनमानसमा सुसूचित गर्ने | कार्यालयबाट प्रकाशन हुने सबै प्रकारका सूचना तथा परिपत्रहरु | |
| ११ | पाठक मञ्च र उत्कृष्ट पाठक | साप्ताहिक बुलेटिन प्रकाशनको लोकप्रियता मापन गर्ने | पाठक मञ्चमा समसायिक सरोकारका विषयमा पाठकका विचार समावेश गर्ने, सबैभन्दा धेरै प्रतिक्रिया दिने, पृष्ठपोषण दिने पाठकलाई पुरस्कारको व्यवस्था गर्ने | |
| १२ | सम्पादकीय | कार्यालय, बुलेटिनको साप्ताहिक धारणा समावेश गर्ने | समसामयिक तथा स्थानीय विकास गतिविधि सम्बन्धी विषय | |

५. कार्यान्वयन कार्यायोजना

| सि. नं. | आयोजना/कार्यक्रमको नाम | आयोजना/ कार्यक्रमको अवधि | कूल लागत | मुख्य मुख्य क्रियाकलापहरु | कार्य सम्पन्न हुनु पर्ने समय सीमा | आवश्यक रकम | जिम्मेवार निकाय | प्रगति सूचक |
|---|---|---|---|---|---|---|---|---|
| १. | साप्ताहिक बुलेटिन प्रकाशन | २०७५ साउनदेखि २०७६ आषाढ मसान्तसम्म | वार्षिक रु ५ लाख | • अवधारणापत्र तयारी तथा स्वीकृति | २०७४ चैत्र | ४ लाख | गाउँपालिका | प्रकाशित बुलेटिन |
| | | | | • अवधारणापत्रको विस्तृत ढाँचा र लागत अनुमान तयारी तथा स्वीकृति | २०७५ बैशाख मसान्तभित्र | | | |
| | | | | • प्रकाशन समिति गठन र जिम्मेवारी बाँडफाँड | २०७५ जेठ महिनाभित्र | | | |
| | | | | • लेख रचना संकलन तथा सम्पादन | २०७५ असार महिना देखि निरन्तर | | | |
| | | | | • छपाई एवं प्रकाशन | २०७५ साउन महिना देखि निरन्तर | | | |

६. **अपेक्षित उपलब्धी**

- साप्ताहिक बुलेटिन नियमित प्रकाशन भएको हुने।